**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेका छन् ।**

**१. निकायको स्वरुप र प्रकृति :**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित “क” वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंक हो ।

**२. निकायको काम कर्तव्य र कार्य अधिकार :**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको काम, कर्तव्य र कार्य अधिकार अन्तर्गत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने, रकमान्तर गर्ने, परियोजना तथा हाइपोथिकेसन धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा कर्जा दिने लगायत विभिन्न प्रकारका कर्जा प्रवाह गर्ने, प्रतितपत्र तथा जमानत पत्र जारी गर्ने, शेयर, डिवेञ्चर, ऋणपत्र आदि जारी गर्ने, विदेशी विनिमय कारोवार गर्ने, नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल सरकारको तर्फवाट सरकारी कारोवार गर्ने, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद बिक्री गर्ने, विदेशवाट विप्रेषण प्राप्त गर्ने लगायत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस बैंकको प्रबन्धपत्रमा तोकिए वमोजिमको कार्य गर्ने ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

बैंकमा हाल १७७२ कर्मचारी कार्यरत रहेको र निजहरुको कार्य विवरण बैंक व्यवस्थापनले तोके बमोजिम रहेका छन् । व्यवस्थापकीय कर्मचारीको नाम र कार्यभार यस बैंकको वेवसाईट https://www.ctznbank.com/about-us/executive-teams मा हेर्न सकिने छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरु बमोजिम “क” वर्गको वाणिज्य बैंकले दिने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । यस सन्दर्भमा सातै प्रदेश अन्तर्गत ५० जिल्लामा १७४ शाखा मार्फत निक्षेप संकलन र कर्जा प्रवाह गरी नियमित बैंकिङ्ग सेवा प्रदान गर्नुका साथै प्रतितपत्र, जमानतपत्र, रेमिटान्स, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटिएम लगायतका अन्य बैंकिङ्ग सेवा समेत प्रदान गरी रहेको ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/branches मा उपलब्ध छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

यस बैंकले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी विवरण तथा लाग्ने शुल्क यस बैंकको वेवसाईट https://www.ctznbank.com/interest-rate तथा https://www.ctznbank.com/interest-rate/fees-and-commission मा उपलब्ध छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

बैंकिङ्ग कारोवारको सम्बन्धमा विभिन्न तहका अधिकारीलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंक सञ्चालक समिति अन्तिम निर्णयकर्ता हुन् ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

निर्णयउपर उजुरी सुन्ने अधिकारीको व्यवस्था तथा उजुरी दर्ता तथा सुनुवाई सम्बन्धी पूर्ण विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/grievance-handling मा हेर्न सकिनेछ ।

## ९. सम्पादन गरेको कामको विवरण :

यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “क” वर्गको वाणिज्य बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु गर्दै आईरहेको छ । बैंकले गरेका नयाँ कार्यहरुको जानकारी/सूचना प्रेस रिलिज मार्फत सार्वजनिक गर्ने गरिएको छ । उक्त विवरणहरु बैंकको वेवसाईट https://www.ctznbank.com/news मा हेर्न सकिनेछ ।

## १०. सूचना अधिकारीको र कार्यकारी प्रमुखको नाम र पद :

बैंकको सूचना अधिकारीको विवरण देहाय वमोजिम रहेको छ ।

नाम : श्री राजेन्द्र लाल श्रेष्ठ

पद : नायव प्रमुख कार्यकारी अधिकृत

बैंकको कार्यकारी प्रमुखको विवरण देहाय वमोजिम रहेको छ ।

नाम : श्री गणेश राज पोखरेल

पद : प्रमुख कार्यकारी अधिकृत

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

निम्न उल्लेखित नियम विनियम र निर्देशिकाको अधिनमा रहेर बैंकले दैनिक कार्य सम्पादन गर्दै आएको छ ।

(क) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र सम्बन्धित अन्य ऐन, नियमावली तथा विनियमहरु ।

(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ र सो अन्तर्गत जारी भएका एकीकृत निर्देशन, परिपत्र तथा सूचनाहरु ।

(ग) बैंकको प्रबन्धपत्र तथा नियमावली ।

(घ) कर्मचारी सेवा विनियमावली ।

(ङ) आर्थिक प्रशासन विनियमावली ।

(च) कर्जा अपलेखन विनियमावली, आदि ।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण त्रैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको छ । साथै, सम्पूर्ण अद्यावधिक विवरण बैंकको वेवसाईटको Reports and Disclosure खण्डमा प्रकाशित गर्ने गरिएको छ ।

## १३. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः

चालु आ.व. २०७७/७८ मा बैंकले नियमित बैंकिङ कारोवार, वार्षिक साधारण सभा, कम्पनी गाभ्ने प्रयोजनार्थ विशेष साधारण सभा सम्पन्न गर्नुका साथै विभिन्न समयमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न समुदाय/संघसस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम सहयोग गर्ने तथा कोभिड महामारी नियन्त्रण तथा

सहायताको लागि नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकम जम्मा गर्ने एवम् बैंकले वित्तीय साक्षरताको अभिवृद्धि तथा आम जनसमुदायलाई बैंकिङ्ग सेवासँग चिरपरिचित गराउने अभिप्रायले जनचेतनामुलक श्रब्य दृश्य सामाग्रीहरु सार्वजनिक गरी विभिन्न माध्यमबाट प्रसारण गर्ने जस्ता विभिन्न कार्यक्रम आयोजना गरको छ ।

## १४. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण

यस बैंकको वेवसाइट www.ctznbank.com रहेको छ ।

## १५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण

नभएको ।

## १६. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राकृतिक उपचार केन्द्रमा आउने बिरामीका लागि भौतिक संरचना निर्माण, बृक्षारोपण, वाढीपिडितलाई सहयोग, सामुदायिक शैक्षिक संस्थालाई सहयोग, गरीब जेहेन्दार विद्यार्थिलाई छात्रबृति, विपन्न मृगौला बिरामी उपचाररत संस्थालाई सहयोग, विकलाङ्ग समूदायका लागि सहयोग, रक्तदान कार्यक्रम सञ्चालन, बृद्धाश्रमका लागि सहयोग लगायत शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार आदि कार्यमा सहयोग प्रदान गरेको छ । बैंकले संचालन गरेको कार्यक्रमहरुको विस्तृत विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/csr मा समेत उल्लेख गरिएको छ ।

## १७. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

नभएको ।

## १८. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नियमनकारी निकायहरुबाट माग भएका सूचनाहरु बैंकले प्रदान गरेको र सो बाहेक सर्वसाधारणबाट माग भएका सूचनाहरुको सम्बन्धमा बैंकले नियम अनुसार जानकारी प्रदान गर्दै आएको छ ।

## १९. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएमा सोको विवरण :

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराइएको छ । साथै, बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत राख्दै आएको छ ।

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
मुख्य कार्यालय :
पो.ब १९६८१, नारायणहिटी पथ, काठमाण्डौं-१,नेपाल, फोन नं ९७७ १ ४४२७८४२/४३/२४, फ्याक्स : ९७७ १ ४४२७०४४
इमेल : info@ctznbank.com, SWIFT: CTZNNPKA
टोल फ्री नं : १६६००१६६६६७, नोटिस् बोर्ड : १६१८०१४२६२६९९